सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५५ ♦ २०८३ साल जेष्ठ १६ शनिवार ♦ 30 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# आव २०८३/०८४ का लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक

खबर दर्पण समाचारदाता
जेष्ठ १५ गते, बर्दिवास

सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसदरुमा पेस गरेको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमा चालु खर्चतर्फ ५९.८ प्रतिशत, पुँजीगततर्फ २०.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९.९ प्रतिशत रकम विनियोजन गरिएको छ।

सरकारले आन्तरिक राजस्वबाट १४ खर्ब ५ अर्ब रुपैयाँ संकलन गर्ने लक्ष्य राख्दै बाँकी स्रोत वैदेशिक अनुदान, ऋण र आन्तरिक ऋणबाट बेहोर्ने उल्लेख गरेको छ।




बजेटमार्फत राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गर्दै कार्यसम्पादनका आधारमा थप १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ।

यससँगै कर्मचारीको न्यूनतम तलब ४० हजारदेखि १ लाख रुपैयाँभन्दा माथि कायम हुने भएको छ।

सामाजिक सुरक्षातर्फ १ खर्ब २० अर्ब विनियोजन गर्दै सरकारले दलित बालबालिकालाई पोषण भत्ता दिएको छ। यस्तै, महिलाहरूको सहजताका लागि ब्लु बसु सञ्चालन गर्ने र नर्सिङ कर्मचारीहरूको रात्रि भत्ता दोब्बर बनाउने घोषणा समेत गरिएको छ।

पूर्वाधार विकासतर्फ काठमाडौं-तराई द्रुतमार्गका लागि १७ अर्ब ६४ करोड विनियोजन गरिएको छ भने विद्युतीय सवारी साधनमा अब क्षमताको आधारमा नभई मूल्यका आधारमा भन्सार महसुल लाग्ने व्यवस्था गरिएको छ।

शिक्षा क्षेत्रमा २ खर्ब १८ अर्ब र स्वास्थ्यमा नेपाल औषधी लिमिटेडलाई २५ प्रकारका औषधी उत्पादन गर्न सक्षम बनाउने लक्ष्य राखिएको छ।

प्रशासनिक सुधारका लागि १८ मन्त्रालयको अवधारणालाई कडाइका साथ लागू गर्दै डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावासहरू खारेज गर्ने निर्णय समेत बजेटले लिएको छ।

खेलकुदको विकासका लागि ५ वर्षभित्र ५ वटा क्रिकेट रङ्गशाला निर्माण गर्ने र रेमिट्यान्स पठाउनेहरूका लागि चिट्ठा कार्यक्रम सञ्चालन गर्ने जस्ता नवीन कार्यक्रमहरूले यस पटकको बजेटलाई विशेष बनाएको छ।

# संघीय बजेटमा यसरी समेटियो मधेश

## खानेपानीदेखि फास्ट ट्र्याक, कृषि प्रशोधनदेखि रेलमार्गसम्म मधेशका जिल्लामा ठूला योजना

अजयकुमार साह
जेष्ठ १५ गते, बर्दिवास

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मधेश प्रदेशलाई लक्षित गरी खानेपानी, सिँचाइ, सडक, कृषि, उद्योग, पर्यटन, रेलमार्ग र सामाजिक सुरक्षाका महत्वाकांक्षी कार्यक्रम घोषणा गरेको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको बजेटमा मधेशलाई “उत्पादन, उद्योग र पूर्वाधार को केन्द्र” बनाउने दीर्घकालीन रणनीति अघि सारिएको हो ।

सरकारले क्षेत्रीय सन्तुलित विकास, कृषि पुनरुत्थान, औद्योगिकीकरण र लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राख्दै मधेश केन्द्रित बहुआयामिक कार्यक्रम ल्याएको जनाएको छ ।

### तराई-मधेशका २८० खानेपानी आयोजनालाई २ अर्ब ५० करोड

सरकारले तराई-मधेश क्षेत्रमा वर्षेनी हुने खानेपानी अभाव समाधान गर्न २८० वटा खानेपानी आयोजना सम्पन्न गर्ने घोषणा गरेको छ । यसका लागि आगामी आर्थिक वर्षमा दुई अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

अर्थमन्त्री वाग्लेले तराई-मधेशमा सुख्खायाममा देखिने चरम खानेपानी संकट समाधानका लागि समुदायस्तरमा डिप बोरिङसहितको खानेपानी प्रणाली विकास गरिने बताउनुभयो । साथै “आर्सेनिकमुक्त तराई अभियान” सञ्चालन गरिने पनि घोषणा गरिएको छ ।

वीरगञ्ज सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधनका लागि २ अर्ब ३४ करोड रुपैयाँ छुट्याइएको छ।

यस कार्यक्रमबाट मधेस प्रदेशका ८ वटै जिल्लाहरु धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिराहा र सप्तरीका ग्रामीण बस्ती प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ ।




### मध्य-मधेशलाई कृषि-औद्योगिक ‘चतुर्भुज’ बनाइने

सरकारले सुनकोशी-मरिन डाइभर्सन आयोजनाबाट सिँचित हुने एक लाख २२ हजार हेक्टर क्षेत्रलाई आधार बनाएर “कृषि र उद्योग केन्द्रित मध्य-मधेश चतुर्भुज विकास कार्यक्रम” अघि बढाउने घोषणा गरेको छ ।

हुलाकी राजमार्ग तथा पूर्व-पश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी मधेश क्षेत्रलाई उत्पादन, प्रशोधन र औद्योगिक गतिविधिको प्रमुख केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ ।

सरकारले आर्थिक सम्भावना भएका ग्रामीण तथा सहरोन्मुख क्षेत्रलाई “ग्रोथ पोल” र “क्वाड” का रूपमा विकास गर्ने नीति पनि बजेटमार्फत सार्वजनिक गरेको छ ।

### धनुषा-सर्लाहीमा स्मार्ट भूमिगत सिँचाइ

धनुषा र सर्लाही जिल्लामा स्मार्ट प्रविधिमा आधारित भूमिगत सिँचाइ प्रणाली विस्तार गर्न सरकारले आवश्यक बजेट व्यवस्था गरेको छ। यस कार्यक्रमका लागि रु. १ अर्ब ८३ करोड विनियोजन गरिएको उल्लेख गरिएको छ ।

यसबाट वर्षभर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्ने तथा कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने सरकारको अपेक्षा छ ।

सिराहामा आँप र सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र

सरकारले कृषि उत्पादनलाई उद्योगसँग जोड्ने रणनीतिअनुसार सिराहामा आँप प्रशोधन केन्द्र तथा सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गर्ने घोषणा गरेको छ ।

यी केन्द्रमार्फत स्थानीय किसानको उत्पादनको बजार सुनिश्चित गर्नुका साथै कृषि उपजको मूल्य अभिवृद्धि गरिने अपेक्षा गरिएको छ ।

### हुलाकी राजमार्ग तीन वर्षभित्र सम्पन्न गर्ने घोषणा

सरकारले हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने

बाँकी पृष्ठ ३ मा

# शनिवारीय साहित्य

## अस्पताल



- अमित कुमार यादव
औरही न. पाः-०२ महोत्तरी

अस्पतालको भीडभित्र,
आँसु बोकेर मान्छे आउँछ
दुखेको त्यो मुटुलाई,
सानो आशाले बचाउँछ।
बिरामीको पीडा देख्दा,
स्वास्थ्यकर्मी पनि रोएको हुन्छ
तर मुस्कान ओठमा राखी,
हरेक चोट सहाएको हुन्छ।
कसैको सास अड्किँदा,
रातभरि निद्रा हराउँछ
सेतो कोटभित्रको मनले,
कति पीडा लुकाउँछ।
औषधी मात्र होइन यहाँ,
मिठो बोलीले घाउ भरिन्छ
एक थोपा सहानुभूतिले,
आधा रोग पनि हरिन्छ।
बिरामीको विश्वास नै,
स्वास्थ्यकर्मीको शक्ति बन्छ
सेवा, माया र सहयोगले,
फेरि जीवन उज्यालो हुन्छ।
मानवताको यो यात्रामा,
दुःखसँगै साथ निभाऔँ
एक अर्काको पीडा बुझी,
माया र आशा बाँड्दै जाऔँ।

## युवाको जागरण : समृद्ध नेपालको आधार



आकाश कुमार साह,
जलेश्वर, महोत्तरी,

देशको माटो रोइरहेको छ,
आकाशमा सपना हराइरहेका छन्,
गल्ली-गल्ली बेरोजगार युवाका
निशब्द कथाहरू सुनिन्छन्।
तर अझै आशा बाँकी छ,
किनकि परिवर्तनको अर्को नाम – युवा हो।

युवा केवल उमेर होइन,
यो साहस हो, संघर्ष हो,
अन्यायविरुद्ध उठ्ने आवाज हो।
जब युवाको चेतना जाग्छ,
त्यस दिन देशको भाग्य बदलिन थाल्छ।

आज देशलाई चाहिएको
ठूला भाषण होइन,
इमानदार सोच भएका युवा हुन्।
जसले भ्रष्टाचारसँग डराउँदैनन्,
सत्य बोल्न हिम्मत गर्छन्,
र स्वार्थभन्दा माथि उठेर
राष्ट्रलाई माया गर्छन्।

युवाको हातमा शक्ति छ,
कलममा क्रान्ति छ,
र सोचमा भविष्य छ।
यदि युवा सही बाटोमा अघि बढे,
देश अन्धकारबाट उज्यालोतर्फ अवश्य जानेछ।
एक दिन नेपाली युवा
परिवर्तनको पहिचान बन्नेछन्,
र नेपाल गर्वका साथ
संसारसामु उभिनेछ।

## जिन्दगीको भोगाइ र सोचाइ



-मौसम झा (पाठक)

जिन्दगी कहिले घाम त कहिले
छायाँ रहेछ,
कहिले हाँसोको मेलो त कहिले
पीडाको माया रहेछ।
हिजो जसलाई आफ्नै ठानेँ,
आज उही टाढा भएर गयो,
समयले सिकायो –
सबै आफ्ना देखिने मान्छे
मनदेखि आफ्ना हुँदैनन् रहेछन्।
गरिबीले धेरै कुरा सिकायो,
भोकले सपनाको मूल्य बुझायो।
आँसु लुकाएर हाँस्न सिकेँ,
टुटेको मनभित्र पनि
आशाको दियो बाल्न सिकेँ।
मान्छे यहाँ स्वरूपले होइन,
स्वार्थले चिनिँदा रहेछन्।
काम पर्दा नजिक आउने,
काम सकिएपछि बिर्सिने रहेछन्।
तर पनि यो मनले
घृणा गर्न कहिल्यै सिकेन,
किनकि राम्रो सोच नै
मानिसको सबैभन्दा ठूलो धन रहेछ।
हारेर पनि उठ्नु जिन्दगी हो,
रोएर पनि मुस्कुराउनु जिन्दगी हो।
सपना टुटेपछि फेरि सपना देख्नु,
अन्धकारभित्र उज्यालो खोज्नु –
सायद यही नै जिन्दगीको असली
अर्थ हो।
आज बुझ्दैछु,
समय कसैको हुँदैन रहेछ,
तर राम्रो व्यवहार र साँचो माया
सधैं सम्झनामा बाँचिरहन्छ।
त्यसैले जिन्दगी छोटो छ भनेर
होइन,
राम्रो सोच र राम्रो कर्मले
यसलाई सुन्दर बनाउनुपर्छ।

## गणतन्त्र दिवस




शम्भु ठाकुर
मिथिला नपा-९,
बेंगाडाबर

सहिद के खुन
आउर
बीर के बलिदनी
आइल इ दिन है ।
सब नेपाली के मन मे
देशप्रेम जगाब के
सुन्दर क्षण है ॥
जाइत, धर्म
आउर
वर्ग से बैढक
देश के नाम होइ ।
हिमाल, पहाड, तराई जोरै बला
एके अभियान होइ॥
गणतन्त्र के
इ उत्सव मे
समृध्द नेपाल के
निर्माण होइ।
सामन्ती युग के
अन्त्य कक
नेपाल के नयाँ
सबेरा होइ ॥
जनता के बेटा बेटि
इ देश के प्रमुख बनै
बाला दिन होइ।
बुध्द के भुमी मे शान्ति,
प्रगती
आउर
समृध्दि के बास होइ ॥
विभेद
आउर
गरिबी हटाक
सब नेपाली के
नयाँ आश होइ।
गणतन्त्र दिवस के
हार्दिक शुभकामना
सब कोइ के पास होइ ॥



## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक


# लालपुर्जाको माग गर्दै गौशालामा भूमिहीनहरूको आन्दोलन चर्कियो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
जेष्ठ १५ गते, बर्दिवास

महोत्तरीको गौशाला नगर क्षेत्रमा भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको आन्दोलन चर्किएको छ।

गौशाला नगरपालिका कार्यालय तथा गाई गौशाला व्यवस्थापन कार्यालयविरुद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीहरूले संविधानले सुनिश्चित गरेको भूमिसम्बन्धी अधिकार कार्यान्वयन गर्न माग गरेका छन्. आन्दोलनकारीहरूले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्न तथा डोजर प्रयोग गरेर हटाउने कार्य रोक्न आग्रह गरेका छन्।

“डोजर आतंक बन्द गर, लालपुर्जा वितरण गर” भन्ने नारासहित भएको प्रदर्शन गौशाला नागरिक समाज तथा अव्यवस्थित बसोबासी संघर्ष समितिको आयोजनामा गरिएको जनाइएको छ। आन्दोलनमा स्थानीयवासीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

गौशाला नगरपालिका-४ का रन्जित साह कनोजियाले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको स्थानमा अहिले आएर हटाउन खोजिएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले स्थानीय सरकारको व्यवहारप्रति आपत्ति जनाउँदै समस्या समाधानका लागि तत्काल पहल आवश्यक रहेको बताउनुभयो।

पीडित विकास साहले घर भत्काइने हल्लाका कारण स्थानीयमा त्रास फैलिएको बताउनुभयो। उहाँले तनावका कारण आफ्ना बुबाको एक साताअघि निधन भएको दाबी गर्दै सम्बन्धित निकायलाई मानवीय संवेदनशीलता अपनाउन आग्रह गर्नुभयो।स्थानीय जगदीश साहले पुस्तौंदेखि बसोबास गर्दै आएका नागरिकलाई अहिले आएर अवैध भन्नु उचित नभएको बताउनुभयो।

राज्यले कर लिने बेला नागरिक सम्झिने तर अधिकार दिने बेला बेवास्ता गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उहाँको भनाइ थियो।नेकपा (माओवादी केन्द्र) का नेता विष्णु लामाले नगरपालिकाले ११५ नम्बर कित्तामा मात्र डोजर




चलाउन खोजेको भन्दै आपत्ति जनाउनुभयो।

उहाँले अन्य स्थानमा पनि एलानी जग्गा रहेको उल्लेख गर्दै एउटै मापदण्डका आधारमा निर्णय हुनुपर्ने धारणा राख्नुभयो। नेपाली कांग्रेसकी महिला नेत्री बसन्ती अर्यालले गाई गौशाला व्यवस्थापन कार्यालय र नगर पालिकाको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले केही वर्षअघि खाली गराइएको स्थानमा पुनः पक्की घर निर्माण भएको उल्लेख गर्दै त्यसबारे निष्पक्ष छानबिन हुनुपर्ने बताउनुभयो। गरिब तथा सुकुम्बासीमाथि मात्र कडा व्यवहार गर्नु उचित नभएको उहाँको भनाइ थियो।

गौशाला उद्योग वाणिज्य संघका अध्यक्ष रामराजा प्रसाद साहले ११५ नम्बर कित्तामा तत्कालीन गाविसले बिटौरी काटेर बसोबास गराएको बताउनुभयो। उहाँका अनुसार उक्त क्षेत्रमा कतिपय परिवार ६० देखि ७० वर्षदेखि बसोबास गर्दै आएका छन्। लामो समयदेखि बस्दै आएका नागरिकलाई हटाउनेभन्दा लालपुर्जा वितरणतर्फ राज्यले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।उहाँले गाई गौशाला व्यवस्थापन कार्यालयले समेत आफ्नो जग्गा खाली गराउन खोजिरहेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो। केही वर्षअघि खाली गराइएको स्थानमा पुनः पक्की घर निर्माण भएको उल्लेख गर्दै त्यसबारे पनि छानबिन हुनुपर्ने उहाँको भनाइ थियो।

आन्दोलनकारीहरूले समस्या समाधानका लागि सम्बन्धित निकायसँग तत्काल वार्ता, स्पष्ट नीति तथा मानवीय व्यवहार अपनाउन माग गरेका छन्।

# संघीय बजेटमा यसरी समेटियो मधेश ...........

घोषणा गरेको छ। घना बस्ती भएका क्षेत्रमा सडक चौडा बनाइने तथा आठ वटा सडक पुल निर्माण सम्पन्न गरिने अर्थमन्त्री वाग्लेले जानकारी दिनुभयो।

कनेक्टिभिटी र पूर्वाधार विकास मधेसको जीवनरेखा मानिएको हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ यसका लागि ४ अर्ब ६५ करोड रुपैयाँ विनियोजन गरिएको छ

हुलाकी राजमार्गले सप्तरीदेखि पर्सासम्मका तराई जिल्लाको आर्थिक तथा व्यापारिक गतिविधिमा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ।

### पूर्व-पश्चिम राजमार्ग चार लेन बनाउन ३७ अर्ब ४६ करोड

सरकारले पूर्व-पश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्य आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ।

यस परियोजनाका लागि आगामी आर्थिक वर्षमा ३७ अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरिएको छ। मधेश प्रदेशका जिल्लामा पर्ने राजमार्ग खण्ड विस्तार भएपछि यातायात, व्यापार तथा औद्योगिक गतिविधिमा तीव्रता आउने अपेक्षा गरिएको छ।

### काठमाडौं-तराई मधेश द्रुतमार्गलाई १७ अर्ब ६४ करोड

काठमाडौं-तराई मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) आयोजनाका लागि सरकारले आगामी आर्थिक वर्षमा १७ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरेको छ।

अर्थमन्त्री वाग्लेले आगामी वर्ष ४० वटा पुल र ५.४ किलोमिटर सुरुङ निर्माण सम्पन्न गरिने जानकारी दिनुभयो।

२०७४ सालदेखि नेपाली सेनाको व्यवस्थापनमा निर्माण सुरु भएको द्रुतमार्गको हालसम्म ४८ प्रतिशत भौतिक प्रगति भएको सरकार को दाबी छ।

### निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको मोडालिटी ६ महिनाभित्र

सरकारले बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई पुनः प्राथमिकतामा राखेको छ।

अर्थमन्त्री वाग्लेले विमानस्थल निर्माणको मोडालिटी आगामी ६ महिनाभित्र टुंग्याइने घोषणा गर्नुभयो।

निजगढ विमानस्थल सञ्चालनमा आएपछि मधेश प्रदेश अन्तर्राष्ट्रिय व्यापार, पर्यटन र लगानीको प्रमुख केन्द्र बन्ने अपेक्षा गरिएको छ।

### बर्दिवास-निजगढ रेलमार्ग विस्तार

सरकारले महोत्तरीको बर्दिवासदेखि बाराको निजगढसम्म रेलमार्ग विस्तार गर्ने घोषणा गरेको छ।

यस रेलमार्गले महोत्तरी, सर्लाही र बारा क्षेत्रलाई राष्ट्रिय रेल सञ्जालसँग जोड्ने तथा औद्योगिक करिडोर विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ।

साथै, जनकपुर-जयनगर-बर्दिबास रेलमार्गको बाँकी काम सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ।

जनकपुरधामलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने पहल

सरकारले जनकपुरधामलाई युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउने घोषणा गरेको छ।

जनकपुरधामलाई धार्मिक-सांस्कृतिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ।

साथै जनकपुरलाई 'विवाह गन्तव्य' (Wedding Destination) का रूपमा विकास र ब्रान्डिङ गर्न तथा रामजानकी पथ र परिक्रमा सडक स्तरोन्नतिका लागि विशेष बजेट विनियोजन गरिएको छ। जनकपुरलाई कला, संस्कृति र सभ्यताको अन्तर्राष्ट्रिय केन्द्र तथा एक विशिष्ट “विवाह गन्तव्य“ का रूपमा विकास र ब्रान्डिड गरिनेछ। यसका लागि यहाँका रीतिरिवाज, संस्कार र परम्परागत ज्ञानको संरक्षण, डिजिटलाइजेसन तथा बजारीकरण गर्ने योजना रहेको छ।

सखडा-धनुषाधाम-गढीमाई समेट्ने गरी प्रादेशिक पर्यटकीय कोरिडोरको प्रवर्द्धन गरिने बजेटमा उल्लेख छ।

भन्सार तथा प्रशासनिक सहजीकरणको लागि वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाह प्रयोजनका लागि विदेशबाट ल्याइने सामानको घोषणा, धरौटी लिने र विवाह सकेर फर्किंदा धरौटी फिर्ता दिने व्यवस्थालाई स्वचालित र सरल बनाइने बजेटमा उल्लेख छ।

### सामाजिक सुरक्षा र स्वास्थ्यमा विशेष प्राथमिकता

सरकारले मधेशसहित मानव विकास सूचकाङ्क कमजोर रहेका २५ जिल्लामा बालपोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छ। दलीत बालबालिकाको पोषण भत्ता दोब्बर गरी मासिक एक हजार रुपैयाँ पुऱ्याइएको छ।

त्यस्तै स्वास्थ्य बीमाको दायरा विस्तार, श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने अभियान तथा स्वच्छ खानेपानी पहुँच विस्तार गर्ने कार्यक्रमलाई पनि बजेटले प्राथमिकता दिएको छ।

### लगानीमैत्री वातावरण र 'सिङ्गल रुट प्रणाली'

सरकारले लगानी प्रवर्द्धनका लागि “लगानी एक्सप्रेस” अवधारणा लागू गर्ने तथा आगामी तीन महिनाभित्र “सिङ्गल रुट प्रणाली” कार्यान्वयन गर्ने घोषणा गरेको छ।

कम्पनी दर्ता, कर, श्रम, भिसा आवेदनलगायत सेवा एकीकृत गरिने र लगानी बोर्डबाट स्वीकृत आयोजनाले पुनः अन्य निकायबाट स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्था गरिने जनाइएको छ।

### मृगौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण सुरु गरिने

स्वास्थ्य र सामाजिक सुरक्षा मधेस प्रदेशको स्वास्थ्य सेवा सुधार्न पर्साको नारायणी अस्पताल, सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल र रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ। मधेस प्रदेशमा मृगौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण सुरु गरिनेछ।

समग्रमा, सङ्घीय सरकारले मधेस प्रदेशका आठै जिल्लाको सन्तुलित विकासका लागि ल्याएका यी कार्यक्रमहरूले 'समृद्ध मधेस' को आधारशिला तयार गर्ने विश्वास लिइएको छ।

यसरी संघीय सरकारले यसपटकको बजेटमार्फत मधेश प्रदेशलाई कृषि, उद्योग, पूर्वाधार, पर्यटन र लगानीको समन्वित केन्द्रका रूपमा विकास गर्ने स्पष्ट रणनीति प्रस्तुत गरेको छ।

सिंचाइ, सडक, रेल, खानेपानी, प्रशोधन उद्योग, फास्ट ट्र्याक, विमानस्थल तथा धार्मिक पर्यटनका कार्यक्रममार्फत मधेशको आर्थिक गतिविधिमा नयाँ गति आउने अपेक्षा गरिएको छ।

# मधेसको नीति तथा कार्यक्रम : 'मेड इन मधेस, समृद्ध प्रदेश'

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १५ गते, जनकपुरधाम**

मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत भएको छ ।

शुक्रबार प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मधेस प्रदेशसभामा अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

प्रदेश सरकारले २७ पृष्ठमा समेटेर आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको हो । कृषिलाई प्राथमिकतामा राखेर सरकारले नीति तथा कार्यक्रम ल्याएको छ । 'मेड इन मधेस, समृद्ध प्रदेश', 'उद्यमशील मधेस, आत्मनिर्भर देश' नारालाई केन्द्रमा राखेर सरकारले उत्पादनमा जोड दिने नीति लिएको छ ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा शिक्षा, कृषि, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा व्यापक सुधार तथा नयाँ योजनाहरू अघि सारेको छ। "समृद्ध मधेश" निर्माणको लक्ष्यसहित सरकारले उत्पादन, रोजगारी, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा तथा समावेशी समाज निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ।

**कृषि क्षेत्रमा आत्मनिर्भरता र आधुनिकीकरणमा जोड**

प्रदेश सरकारले "मेड इन मधेश, समृद्ध प्रदेश" र "उत्पादनशील मधेश, आत्मनिर्भर देश" अभियानमार्फत खाद्यान्न उत्पादन वृद्धि गरी कृषि आयात घटाउने नीति लिएको छ।

धान, गहुँ, मकै, कोदो, तेलहन र दलहनको बीउमा आत्मनिर्भर बन्न 'बीउ प्रवर्द्धन परियोजना' सञ्चालन गरिने उल्लेख गरिएको छ।

मखान खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्दै प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमा किसानलाई प्रोत्साहन गरिने नीति पनि समेटिएको छ।

माछापालन, दुग्ध तथा मासु उत्पादन वृद्धि, जैविक खेती प्रवर्द्धन, उखुखेती सुधार, सौर्य सिँचाइ, कृषि बीमा तथा किसानलाई प्रत्यक्ष अनुदान दिने कार्यक्रम ल्याइएको छ।

स्थानीय तहसँग मिलेर 'कृषि संकलन केन्द्र', 'कोल्ड रूम', 'दूध चिस्यान केन्द्र' स्थापना गरिने तथा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइने योजना पनि सरकारले अघि सारेको छ।

त्यस्तै बाँझो जमिन उपयोगका लागि 'प्रदेश भूमि बैंक' अवधारणा अघि बढाइने र कृषि महिला स्वयंसेविका परिचालन गरी किसानलाई आधुनिक कृषि तालिम दिइने कार्यक्रम पनि समावेश गरिएको छ।

**शिक्षा क्षेत्रमा डिजिटल र प्राविधिक सुधार**

प्रदेश सरकारले "अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ" अभियानमार्फत सघन साक्षरता अभियान सञ्चालन गर्ने घोषणा गरेको छ।

सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान, डिजिटल शिक्षण प्रणाली विस्तार तथा शिक्षकलाई STEAM (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) आधारित तालिम प्रदान गरिने नीति लिइएको छ।

विद्यालयमा 'प्रदेश स्वयंसेवक शिक्षक' र 'विद्यालय नर्स' कार्यक्रम आधारभूत तहसम्म विस्तार गरिनेछ।

मधेश विश्वविद्यालय, कृषि विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सुदृढ बनाउने कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ।

प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा कम्तीमा एउटा आवासीय नमुना विद्यालय स्थापना गरिने, सार्वजनिक पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माणलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ।

प्रारम्भिक बाल विकास केन्द्रलाई डिजिटल उपकरण, शैक्षिक खेलौना र विज्ञान केन्द्रसहित नमुना केन्द्रको रूपमा विकास गरिने सरकारको योजना छ।

**स्वास्थ्य क्षेत्रमा सर्वसुलभ सेवा र विशेष उपचार**

मधेश सरकारले मातृ तथा शिशु स्वास्थ्य, पूर्ण खोप, परिवार योजना र पोषण कार्यक्रमलाई प्राथमिकता दिएको छ।

नसर्ने रोग, महामारी तथा उष्णप्रदेशीय रोग नियन्त्रणका लागि 'एकीकृत जनस्वास्थ्य सुरक्षा रणनीति' लागू गरिनेछ। 'मेरो स्वास्थ्य-मेरो जिम्मेवारी' अभियानअन्तर्गत गाउँस्तरसम्म 'नागरिक आरोग्य सेवा केन्द्र' स्थापना गरिने नीति सरकारले अघि सारेको छ।

प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, विपन्न र एकल महिलाका लागि विशेष वार्ड स्थापना गरिने तथा मानसिक स्वास्थ्य उपचार कक्ष सञ्चालन गरिने घोषणा गरिएको छ।

रेबिज खोप, सर्पदंश औषधि र निःशुल्क रगत व्यवस्थापनलाई सुदृढ बनाइने तथा प्रादेशिक अस्पताललाई अत्याधुनिक उपकरणसहित स्तरोन्नति गरिने उल्लेख गरिएको छ।

प्रदेशभित्र विशेषज्ञ उपचार सेवा



विस्तार गर्दै स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने योजना पनि कार्यक्रममा समेटिएको छ।

**सामाजिक विकासमा समावेशीकरण र सशक्तीकरण**

सरकारले "समावेशी समाज, सशक्त मधेश" नारासहित महिला, दलित, युवा, अपांगता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक तथा विपन्न समुदायलाई लक्षित कार्यक्रम ल्याएको छ।

'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गरी महिला स्वरोजगार कार्यक्रमसँग जोडिनेछ। महिलालाई सीप, सहुलियतपूर्ण ऋण र बजार पहुँच उपलब्ध गराइने उल्लेख गरिएको छ।

बालविवाह, दाइजो प्रथा, लैंगिक हिंसा तथा विभेद अन्त्यका लागि विशेष सचेतना अभियान सञ्चालन गरिने सरकारको योजना छ।

सडक आश्रित र असहाय व्यक्तिका लागि 'सेफ हाउस' स्थापना गरिने तथा प्रत्येक जिल्लामा निःशुल्क कानुनी सहायता डेस्क सञ्चालन गरिने नीति पनि समेटिएको छ।

युवालाई खेलकुद, डिजिटल सीप, ई-कमर्स र स्वरोजगारसँग जोड्दै कम्तीमा एक लाख नयाँ डिजिटल उद्यमी उत्पादन गर्ने लक्ष्य सरकारले लिएको छ।

साइबर अपराध नियन्त्रण, मातृभाषा संरक्षण, सांस्कृतिक पर्यटन, धार्मिक स्थल विकास तथा मिथिला संस्कृतिको अन्तर्राष्ट्रिय प्रवर्द्धनका कार्यक्रम पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

**पूर्वाधार र समृद्धिको दीर्घकालीन योजना**

प्रदेश सरकारले सडक, सिँचाइ, सुरक्षित आवास, जलस्रोत संरक्षण, विपद् व्यवस्थापन तथा हरित पूर्वाधार निर्माणलाई पनि उच्च प्राथमिकता दिएको छ।

विद्युतीय सवारी प्रवर्द्धन, चार्जिङ स्टेशन निर्माण, स्मार्ट प्रहरी चौकी, डिजिटल सेवा प्रणाली तथा "पेपरलेस, लाइनरहित र अनुहाररहित" सेवा प्रवाहको नीति पनि ल्याइएको छ।

सरकारले यस नीति तथा कार्यक्रममार्फत कृषि उत्पादन, मानव विकास, सामाजिक समावेशीकरण र पूर्वाधार विस्तारलाई एकीकृत रूपमा अघि बढाउँदै मधेशलाई आत्मनिर्भर र समृद्ध प्रदेश बनाउने लक्ष्य प्रस्तुत गरेको छ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

**मटिहानी नगरपालिका**

**महोत्तरी**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,